झापा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
टाघनडुब्बा, झापा
कोशी प्रदेश, नेपाल

# अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

झापा गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ४ संख्या: १५ मिति: २०८०/०२/२२

## भाग-२

## झापा गाउँपालिका

## मर्मत सम्भार कोष सञ्चालन निर्देशिका, २०८०

आज्ञाले,
गजेन्द्र थपलिया
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र थपलिया
प्रमुख प्रशासकीय अधिकृत

झापा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
टाँघनडुब्बा, झापा
कोशी प्रदेश, नेपाल

# मर्मत सम्भारकोष संचालन निर्देशिका, २०८०

**प्रस्तावना :**

झापा गाउपालिका अन्तर्गत निर्माणधीन एवं निर्माण सम्पन्न भएका भौतिक पुर्वाधारजन्य संरचनाहरुको प्रभावकारिता एवम दिगोपना ल्याउन र उपभोक्ताले त्यस्ता संरचना निर्माण तथा आयोजना संचालन गर्दा मर्मत सम्भारलाई समेत व्यवस्थित वनाई निर्माणाधिन संरचनाहरुको दिगोपन सिंजना गर्ने उद्देश्यले झापा गाउँपालिकाले यो निर्देशिका वनाई लागु गरेको छ ।

## परिच्छेद - १(एक)

## १. सङ्क्षिप्त नाम र प्रारम्भ :

**विषय र प्रशंङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,**

क." निर्देशिका" भन्नाले मर्मत संम्भारकोष सञ्चालन निर्देशिका सम्झनुपर्दछ ।

ख. यो निर्देशिका गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

ग. "सभा" भन्नाले नेपालको संविधान तथा स्थानिय सरकार संचालन ऐन २०७४ अनुसार गठित गाउँ सभालाई सम्झनुपर्दछ ।

घ. "गाउँपालिका" भन्नाले झापा गाउँपालिकालाई सम्झनु पर्दछ ।

ङ. " समिति" भन्नाले मर्मत सम्भार कोष व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

च. "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

छ. "उपाध्यक्ष" भन्नाले गाउपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

ज. "सचिव" भन्नाले प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

झ. "ऐन" भन्नाले स्थानीय तह संचालन ऐन २०७४ लाई सम्झनु पर्दछ ।

ञ. "कोष" भन्नाले मर्मत संभार कोषलाई सम्झनु पर्दछ ।

ट."सडक बोर्ड" भन्नाले सडक बोर्डलाई सम्झनु पर्दछ ।

ठ . आयोजाना भन्नाले कुनै भौगोलिक क्षेत्र वा कार्य क्षेत्रमा निश्चित अवधि र लगानी रकम तोकी निर्धारित उद्देश्य प्राप्तिका लागि तयार गरिएको व्यवस्थित क्रियाकलाप सम्झनु पर्दछ ।

ड. "उपभोक्ता समिति" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै योजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नका लागि आफुहरु मध्येबाट निश्चित प्रकृया बमोजिम गठन गरेको समिति सम्झनु पर्दछ र सो शब्दले लाभग्राही समूहलाई समेत जनाउँछ ।

झापा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
टाघनडुब्बा, झापा
कोशी प्रदेश, नेपाल

ढ."सार्वजनिक संरचना" भन्नाले सडक, बाटो तथा सडकमा रहेका कल्भर्ट नाला, बाध, पैनि, कुलो, पुल, कुलेसा, ताल, तलैया, सिमसार, पोखरी, सार्वजानिक शौचालय तथा ऐतिहासिक पुरातात्विक महत्वका संरचना आदिलाई सम्झनु पर्दछ ।

ण. "बिपद्" भन्नाले प्रकृतिक वा गैरप्राकृतिक कारणबाट उत्पन्न विपत्तिपूर्ण अवस्थालाई सम्झनु पर्दछ र सो शब्दले कुनैपनि ठाउँमा विपत्तिपूर्ण अवस्था सिर्जना भई धनजन को क्षतिको साथै जीवनयापनमा प्रतिकूल असर परी वा पारी विपतबाट प्रभावित ब्यक्ति वा समुदायको आफ्नै स्रोत र क्षमताबाट समाधान हुन नसक्ने बाह्य सहयोगको आवश्यकता पर्ने दुःखद तथा कष्टपुर्ण प्राकृतिक वा गैर प्राकृतिक विपद र जलवायु परिवर्तनबाट हुन सक्ने विपत्तिपूर्ण अवस्थालाई समेत सम्झनु पर्दछ ।

त. "विकास साझेदार" भन्नाले नेपाल सरकार वा स्थानिय सरकार सँग भएको सम्झौता बमोजिम नगद, जिन्सी एवं प्रविधिक सहयोग उपलब्ध गराउने द्बिपक्षिय एंव बहुपक्षीय दातृ निकाय वा सङ्घ संस्थाहरुलाई सम्झनु पर्दछ ।

थ. "भुक्तानी रकम" भन्नाले गाउँपालिका आफैले वा नेपाल सरकारका अन्य निकायहरु संग वा विकास साझेदारसंग वा उपभोक्ता समिती वा सामुदायिक संस्थासँग लागत सहभागितामा निर्माण भएका पूर्वाधार विकासका सम्बन्धित पक्षलाई गाउँपालिकाबाट दिईने भुक्तानी रकमलाई जनाउदछ ।

## परिच्छेद २

## व्यवस्थापन समिति

### ३. व्यवस्थापन समिति

क) मर्मत सम्भार कोषलाई बढी प्रभावकारी र भरपर्दो ढङ्गले सञ्चालन गर्न देहाय बमोजिमको एक मर्मत सम्भार कोष व्यवस्थापन समिति रहनेछ ।

| | |
|---|---|
| १. गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| २. पूर्वाधार विकास समितिको संयोजक | सदस्य |
| ३. वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक | सदस्य |
| ४. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ५. गाउँपालिकाका सदस्यहरु मध्येबाट १ जनामहिला सहित समितिले तोकेको २ जना | सदस्य |
| ६. पूर्वाधार विकास शाखा प्रमुख | सदस्य सचिव |

ख. समितिको बैठक कम्तीमा २ महिनामा एक पटक बस्नेछ, तर आवश्यक परेमा अध्यक्षको आदेशले जुनसुकै समयमा पनि बैठक बस्न सक्नेछ ।

ग. बैठक भत्ता गाउँकार्यपालिकाको सदस्य सरह हुनेछ ।

घ. बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ।

ङ. समितिले प्रचलित कानुनको अधिनमा रही आफ्नो कार्यविधि आफै व्यवस्थित गर्नेछ।

च. बैठकमा आवश्यकताअनुसार विशेषज्ञ वा सरोकारवालालाई आमन्त्रित सदस्यका रुपमा आमन्त्रण गर्न सकिने छ।

## परिच्छेद ३

## कोषको स्थापना

### ४. कोषको स्थापना:

मर्मत संभार कोषको नामले एउटा छुटै कोषको स्थापना गरिने छ, जसमा देहाय बमोजिम रकम जम्मा हुनेछ :

क. नेपाल सरकारबाट प्राप्त अनुदान रकम ।

ख. प्रदेश सरकारबाट प्राप्त हुने रकम ।

ग. गाउँ सभाबाट विनियोजन भएको रकम ।

घ. राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाबाट प्राप्त हुने रकम ।

ङ. गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुने पूर्वाधार विकास सम्बन्धी योजनाहरुको भुक्तानी रकमबाट कट्टा गरी जम्मा हुन आउने रकम ।

च. ऋणबाट प्राप्त हुने रकम ।

छ. अन्य स्थानिय सरकार तथा भगिनि सम्बन्ध स्थापना गराएका वा आवश्यकतानुसार मर्मत सम्भार बापत आवश्यक भएमा /दिएमा प्राप्तहुने आर्थिक सहयोग रकम ।

## परिच्छेद ४

## कोष संचालनविधि

### ५. कोष संञ्चालन

क. कोषका नाममा प्राप्त हुन आएको रकम झापागाउँपालिकाको नाममा मर्मत सम्भार कोष खाता खोलीजम्मा गरिने छ।

ख. कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृत वा आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

ग. कोषको आन्तरिक लेखा परिक्षण आन्तरिक लेखापरिक्षण शाखाले गर्नेछ।

झापा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
टाघनडुब्बा, झापा
कोशी प्रदेश, नेपाल

घ. कोषको अन्तिम लेखापरिक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

# परिच्छेद ५

## ६. व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

क . व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

१. गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक संरचनाको मर्मतका लागि प्राथमिकता तोकी मर्मत सम्भारका लागि एकिकृत गाउँस्तरमा वार्षिक सडक मर्मत योजना (m armp) बनाउने ।

२. मर्मत संम्भार कोषमा रकम जम्मा गर्नका लागि स्रोत साधनको पहिचान तथा व्यवस्थापन गर्ने ।

३. मर्मत सम्भार कार्यलाई दिगो, भरपर्दो र वातावरण मैत्री बनाउने उपायहरुको खोजी गर्ने ।

४. मर्मत सम्भार गर्दा लाग्ने खर्चमा न्यूनिकरण एंव जनसहभागिता अभिबृद्धि गर्ने किसिमले कार्य योजना बनाउने ।

५. सडक बोर्ड नेपालबाट प्राप्त हुने रकमका सन्दर्भमा प्रचलित कानुन बमोजिम हुने गरी योजना छनोट गर्ने ।

६. विपद्बाट हुने क्षति यकिन गरि तत्काल गनुपर्ने काम, गर्न सकिने उपायहरु र साझेदार निकायहरुको पहिचान गरी गाउँ कार्यपालिकामा पेस गर्ने ।

७. आपतकालिन अवस्थामा पूर्वाधार मर्मत गर्ने कार्यमा गाउँपालिकालाई आवश्यक सहयोग गर्ने ।

८. मर्मत सम्भार सम्बन्धि कार्यको अनुगमन तथा निरिक्षण गरि गाउँकार्यपालिकालाई सल्लाह सुझाव दिने ।

९. मर्मत गर्नुपर्ने सडक लगायतका सार्वजनिक संरचनाको लगत अद्यावधिक गरि विकास साझेदारँसंग समन्वय र साझेदारीका लागि पहल गर्ने ।

१०. आयोजनाहरुबाट सेवाप्राप्त गर्ने लाभग्राहीहरुबाट सेवा शुल्क सङ्कलन गरी मर्मत सम्भार व्यवस्थापन गर्न सहजीकरण गर्ने ।

# परिच्छेद ६

# कोष खर्च प्रणाली

## ७. कोष खर्च प्रणाली

(१) मर्मत सम्भार कोषमा जम्मा हुन आएको रकम देहाय बमोजिमको पूर्वाधार विकासको मर्मत सम्भारको नियमित, पटके र आकस्मिक मर्मत सम्भार सम्बन्धी कार्यमा मात्र खर्च गरिनेछ ।

१. सडक, कल्भर्ट, पुल,ढल आदिको मर्मत सम्भार सम्बन्धी कार्य ।

झापा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
टाघनडुब्बा, झापा
कोशी प्रदेश, नेपाल

२. सिचाईं खानेपानि, विधुत, सार्वजनिक महत्वको मर्मत सम्भार सम्बन्धी कार्य ।

३. विद्यालयको भौतिक पूर्वाधार मर्मत सम्बन्धी कार्य ।

४. सार्वजनिक निकायका भौतिक संरचना एंव भवनहरुको मर्मत सम्भार सम्बन्धी कार्य ।

५. सडकको नियमित मर्मत सम्भारमा माथि उल्लेख गरिएका बाहेक देहाय बिषयहरु समावेश हुनेछन ।

क . सडक किनाराको ढल तथा नालीमा मर्मत तथा सफाई गर्ने ।

ख. सडकमा खसेको माटो, ढुङ्गा हटाउने ।

ग. नाली र सडक नजिकैको घास तथा रुखका हागा काट्ने ।

घ. सामान्य खालको पहिरो तथा भूस्खलन हटाउने ।

ङ. पुल तथा कल्भर्टको मर्मत तथा सफाई गर्ने ।

च. शहरी सौन्दर्य अभिवृद्धि गर्ने अन्य सार्वजनिक संरचना मर्मत गर्ने ।

छ. सडक बोर्ड नेपालसँगको साझेदारीमा गरिने मर्मत सम्भार सम्बन्धी कार्यहरु ।

६. सडकको पटके मर्मत सम्भारमा देहायका विषयहरु समावेश हुनेछन् :

क . माटे सडकमा सवारी साधनको चक्काले बनाएको खाल्डो पुर्ने ।

ख. सडक सतहको खाल्डो पुर्ने र सडक किनारा मिलाउने कार्य गर्ने ।

ग. क्याम्बर मिलाउने ।

घ. ग्रावेल सडकको मर्मत गर्ने । कच्ची नालीको मर्मत गर्ने ।

ङ. कल्भर्ट पुलको प्याराफिटवाल, रेलिङ्ग, रिटेनिङ वाल आदि मर्मत गर्ने ।

च. कायोइन्जिनियरिङ गर्ने ।

छ. नदी तथा तालतलैया संरक्षण गर्ने/ गराउने ।

ज . ढलको कभर बदल्ने एवं मर्मत गर्ने ।

झ . ठूलो पहिरो र भुस्खलन हटाउने तथा मिलाउने ।

ञ . कालोपत्रे सडकको पटहोल मर्मत गर्ने, पेनभेन्ट एज मर्मत गर्ने र सामान्य टुटफुट मर्मत गर्ने ।

(२) यस कोषको खर्च प्रणली देहाय बमोजिम हुनेछ ।

क. रु.पाच लाख सम्मको मर्मत सम्भार सम्वन्धी कार्य समितिको अध्यक्षको निर्णयानुसार हुनेछ ।

ख. रु.पाँच लाख भन्दामाथिको मर्मत सम्भार सम्वन्धी कार्य समितिको निर्णयानुसार हुनेछ ।

## परिच्छेद ७

## मर्मत सम्भार मापदण्ड

### ८. मर्मत सम्भारका लागि छनोटको मापदण्ड :

उपभोक्ता समितिबाट र वडाकार्यालय, विद्यालय व्यवस्थापन समिति, स्थानिय हाटबजार व्यवस्थापन समितिबाट नियमित पटके वा आवधिक मर्मत सम्भारका लागि एकीकृत वार्षिक कार्यक्रममा समावेश गर्न भनी माग भई आएका योजनाहरु र गाउँपालिकाले आवश्यक ठानेका देहायका आधारमा प्राथमिकता निर्धारण गरी छनोट गर्नुपर्नेछ :

क. सवैभन्दा बढी क्षति भएका भौतिक संरचनाहरु ।

ख. गाउँ गरु योजना/आवधिक विकास योजनामा परेका सडकहरु ।

ग. भौतिक संरचना तथा पूर्वाधारको महत्वको आधारमा ।

घ. लाभान्वित हुने जनसंख्या वा घर धुरिका आधारमा

ङ. मर्मत सम्भारबाट हुने आर्थिक लाभका आधारमा ।

च. सार्वजनिक भौतिक संरचनाको दीर्घकालिन उपयोगिता र आवश्यकताका आधारमा ।

छ. दुई वा दुई भन्दाबढी स्थानियतहलाई जोड्ने सडक, कृषि सडक, ग्रामिण सडक, पुल, कुलेसा, कल्भर्ट, कुलो, पैनी, बाँध आदी ।

ज. गाउँपालिकाले निर्णय गरि मर्मत सम्भार गर्नुपर्ने भनी तोकिएका क्षेत्रहरुमा ।

## परिच्छेद ८

## मर्मत सम्भारको व्यवस्था

### ९. मर्मत सम्भार कार्य गराउने व्यवस्था :

झापा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
टाघनडुब्बा, झापा
कोशी प्रदेश, नेपाल

झापा गाउँपालिकाभित्र रहेका भौतिक संरचनाहरुको नियमित मर्मत सम्भार, पटके मर्मत सम्भार, आवधिक मर्मत सम्भार स्थानीय उपभोक्ताबाट अधिकतम रुपमा स्थानीय स्रोत साधन र जनशक्तिको प्रयोग गरी सकेसम्म बढी भन्दा बढी जनसहभागिता जुटाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ। गाउँपालिका क्षेत्र भित्र रहेको भौतिक संरचना नियमित मर्मत सम्भार, पटके मर्मत सम्भार, आवधिक मर्मत सम्भार, आकस्मिक मर्मत सम्भार प्रचलित कानुन बमोजिम हुने छ।

## परिच्छेद ९

## संसोधन र खारेजी

### १०. संसोधन वा खारेजी :

क . मर्मत सम्भार कोष सञ्चालन निर्देशिका संशोधन वा खारेज गर्नु परेमा गाउँ कार्यपालिकाबाट हुनेछ।

ख. यो निर्देशिकामा उल्लेख गरिएका कुराहरुका हकमा यसै निर्देशिकामा अनुसार र उल्लेख नभएका हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

ग. यस निर्देशिकामा लेखिएका कुराहरु प्रचलित कानुन तथा स्थानिय सरकार सञ्चालन ऐन,२०७४ सँग बाझीएको हदसम्म स्वतः निष्क्रिय हुने छन्।